# स्थानीय राजपत्र

## महाकुलुङ गाउँ कार्यपालिकद्वारा प्रकाशित

खण्ड ९ बुङ, सोलुखुम्बु, नेपाल, मंसिर ०४ गते २०८२ साल

## भाग २

महाकुलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुङ, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

महाकुलुङ गाउँपालिका

**'घ' वर्ग निर्माण व्यवसाय इजाजनपत्र कार्यविधि पहिलो संशोधन),२०८२**

**प्रस्तावनाः** 'घ' वर्ग निर्माण व्यवसाय कार्यविधि,२०७४ लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले,

महाकुलुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम महाकुलुङ गाउँकार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "घ वर्ग निर्माण व्यवसायी इजाजत पत्र (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मूल कार्यविधिमा दफा १३ थपः** मूल कार्यविधिको दफा १२ पछि देहायबमोजिमको दफा १३ थप गरिएको छः-

**१३. इजाजत पत्रको ठाउँसारी सम्बन्धी व्यवस्थाः** अनुसूची १३ बमोजिमको योग्यता पुरा भएका व्यक्ति, फर्म वा कम्पनीको ठेगाना परिवर्तन भई इजाजतपत्रको ठाउँसारी गर्नुपरेमा सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीले देहायका आवश्यकीय कागजात संलग्न राखी ठाउँसारी निवेदन पेश गरेमा गाउँपालिकाले ठाउँसारी सहितको इजाजतपत्र प्रदान गर्नेछ ।

१. घरेलु तथा साना उद्योग कार्यालयबाट साविकको ठेगाना तथा हाल कायम हुने ठेगाना परिवर्तन भएको पत्र ।

२. आन्तरिक राजश्व कार्यालयबाट ठेगाना परिवर्तन भएको प्रमाण-पत्र तथा कम्पनी रजिष्टारको कार्यालयबाट कम्पनी अद्यावधिक तथा रजिष्टार कार्यालयको ठेगाना परिवर्तन सहितको प्रबन्ध-पत्र ।

३. नियमावलीमा भएको संशोधनको अभिलेख गरिएको पत्रको प्रतिलिपि ।

४. फर्म वा कम्पनी कालोसूचीमा नपरेको Clearance Letter पत्र ।

५. घरभाडामा लिएको भए घरभाडा सम्झौता पत्र र घरधनीको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।

६. फर्म वा कम्पनीको आफ्नै भवन /कार्यलय भए सोको घरजग्गाको लालपुर्जाको प्रतिलिपी ।

७. फर्म वा कम्पनीको भवन /कार्यालयमा खानेपानी, बिजुली र ढल निकासको उचित प्रबन्ध भएको **Assurance Letter** पत्र ।

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**